## एकीकृत व्यावसायिक खेती परियोजना सञ्चालन कार्यविधि,२०७९

**प्रस्तावना:** कृषिको आधुनिकरण र व्यावसायिकरण गर्दै टुक्रे र अनुदानमुखी कार्यक्रमको अन्त्य गर्न र गाउँपालिकाभित्रका उद्यमी कृषकहरुलाई प्रोत्साहन गर्न गाउँपालिकाबाट व्यवस्था गरिएको एकीकृत व्यावसायिक खेती परियोजना कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइ लागु गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "एकीकृत व्यावसायिक खेती परियोजना सञ्चालन कार्यविधि,२०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले बरेङ गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले बरेङ गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "एकीकृत व्यावसायिक खेती" भन्नाले व्यावसायिक रुपमा दुई वा दुई भन्दा बढी प्रकारको कृषि तथा पशुपालन सम्बन्धी व्यवसायलाई संयुक्त रुपमा सञ्चालन गरिने कृषि व्यवसायलाई सम्झनु पर्दछ ।

(घ) "सहकारी भन्नाले" गाउँपालिका भित्र सञ्चालन भएका कृषि सहकारीहरुलाई सम्झनु पर्दछ।

(ङ) "व्यावसायिक कृषक" भन्नाले गाउँपालिका भित्र कृषि फर्म दर्ता गरी व्यावसायिक रुपमा कृषि तथा पशुपालन व्यावसायमा संलग्न कृषकलाई सम्झनु पर्छ ।

(च) "वैदेशिक रोजगारबाट फर्केका युवा" भन्नाले न्यूनतम ५ वर्ष नेपाल भन्दा बाहिर जुनसुकै मुलुकमा रोजगारको सिलसिलामा समय व्यतित गरी फर्केका गाउँपालिका भित्रका १८ देखि ४० वर्ष भित्रका व्यक्तिहरुलाई जनाउनेछ ।

### परिच्छेद-२

### परियोजनाको उद्देश्य, कार्यान्वयन विधि र सञ्चालन प्रक्रिया

३. **परियोजनाको उद्देश्यः** यस परियोजनाका प्रमुख उद्देश्यहरु देहाय बमोजिम हुनेछनः

(क) परम्परागत कृषिलाई सुधार गरी व्यावसायिकता प्रदान गर्नु,

(ख) टुक्रे र अनुदानमुखी कृषि कार्यक्रमलाई विस्थापित गरी सामुहिक र एकीकृत कृषि व्यावसायलाई प्रोत्साहन गर्नु,

(ग) वैदेशिक रोजगारबाट फर्केका युवाहरुमा भएको पुँजी, प्रविध र सीपको सदुपयोग गर्नु,

(घ) गाउँपालिकाको प्रमुख आर्थिक विकासको माध्यमका रुपमा कृषि व्यावसायलाई स्थापित गर्नु,

४. **कार्यान्वयन विधिः** यस परियोजना कार्यान्वयन गर्नका लागि दर्ता भएका कृषि उपभोक्ता समुह र सहकारीहरुलाई प्राथमिकता दिइनेछ साथै निजी व्यावसायिक कृषक, वैदेशिक रोजगारबाट फर्केका युवा वा गाउँपालिका आफैंले कार्यान्वयन गर्न सक्ने।

**५. कार्यक्रम कार्यान्वयन प्रक्रियाः**

यस कार्यक्रम कार्यान्वयन देहाय बमोजिम हुनेछः

(१) **सूचना आव्हानः** यस कार्यक्रम कार्यान्वयन गर्नका लागि पहिलो पटक ३० दिनको सूचना प्रकाशन गरिनेछ र आवश्यकतानुसार दोस्रो र तेस्रो पटक क्रमशः १५ र ७ दिनको सूचना प्रकाशन गरिनेछ ।

(२) **परियोजना प्रस्ताव आव्हानः** यस कार्यक्रममा सहभागी हुन चाहने कृषि समुह, फर्म, सहकारी संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा लागत अनुमान सहितको आफ्नो परियोजनाको प्रस्तावना पेश गर्नु पर्नेछ । यस परियोजना अन्तरगत गरिने सम्भावित कृषि\पशु उपजहरु अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछन ।तर प्रस्तावकले सो अनुसूची भन्दा बाहेकका कृषि\पशु उपजहरु समेत उत्पदान गर्न बाधा पर्ने छैन ।

(३) **छनौट तथा सहजीकरण समितिः** प्रस्तावित परियोजनाहरु मध्य सबै भन्दा उपयुक्त परियोजनाको छनौट गर्न र कार्यक्रम सञ्चालनमा सहजीकरकरण गर्न देहाय बमोजिमको छनौट तथा सहजीकरण समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिका अध्यक्ष | -संयोजक |
| (ख) | गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| (ग) | संयोजक, आर्थिक विकास समिति | -सदस्य |
| (घ) | गाउँ कार्यपालिका सदस्यहरुमध्य १ जना महिला सहित अध्यक्षले तोकेका २ जना सदस्य | -सदस्य |
| (ङ) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (च) | प्रमुख आर्थिक प्रशासन शाखा | -सदस्य |
| (छ) | प्रमुख पूर्वाधार विकास शाखा | -सदस्य |

(ज) प्रमुख कृषि\पशु विकास शाखा -सदस्य

(झ) प्रमुख कृषि\पशु विकास शाखा -सदस्य-सचिव

(यस समितिमा आवश्यकतानुसार अन्य विज्ञलाई समेत आव्हान गर्न सकिनेछ साथै कृषि वा पशु विकास शाखा प्रमुख मध्य १ जना सदस्य सचिव हुनेछ र १ जना सदस्य हुनेछ । )

(४) **छनौटका आधारहरुः** प्रस्तावना छनौटका आधारहरु देहाय बमोजिम हुनेछः

| क्र.सं | आधारहरु | अंक भार | कैफियत |
|---|---|---|---|
| १ | जग्गाको क्षेत्रफल | २० | न्यूनतम १ रोपनी सम्म १० अंक र सो भन्दा बढी प्रति रोपनी १ अंक सहित अधिकतम १० |
| २ | जग्गाको अवस्थिति\उपयुक्तता | १५ | भू-बनोट, उर्भरता, जग्गाको प्रकार आदिको आधारमा अंक प्रदान गरिने |
| ३ | बजारको पहुँच | २० | बजारको दूरी २ कि.मी. सम्म भए २० अंक र सोभन्दा बढी भएमा १० |
| ४ | सडकको पहुँच | १५ | कच्ची सडक १०, ग्राभेल पक्की भए १५अंक |
| ५ | लागत साझेदारी | १० | कुल लागतको ५० प्रतिशत सम्म ५ र सो भन्दा बढी भएमा १० अंक |
| ७ | सिंचाइ सुविधा | १० | कच्ची कुलो र बर्षैभरी सुविधा भए ५, पक्की र बर्षैभरी सुविधा भए १० |
| ८ | परियोजना प्रस्तावना | १० | प्रस्तावनाको मूल्याङ्कनका आधारमा |

(५) **समुहको विधान पेश गर्नुपर्नेः** प्रस्तावना पेश गर्ने कृषि समुह\सहकारीको विधानको प्रतिलिपि समेत गाउँपालिकामा पेश गर्नु पर्नेछ। साथै यस्तो विधानमा समुहका सदस्यहरुबीच परियोजनाबाट हुने मुनाफा वितरण वा घाटा परिपूर्ती सम्बन्धी व्यवस्था समेत उल्लेख गर्नुपर्नेछ ।

(६) **आय व्यय विवरण पेश गर्नु पर्नेः** छनौट भएका समुह\फर्म\सहकारीले यस परियोजनाको वार्षिक आय व्यय विवरण सम्बन्धित सञ्चालक समितिको बैठकबाट अनुमोदन गरी गाउँ कार्यपालिकाको कार्यालय मार्फत गाउँ कार्यपालिकाको बैठकमा हरेक वर्षको जेष्ठ मसान्त भित्र पेश गर्नु पर्नेछ ।

(७) **बजार व्यवस्थापनमा सहजिकरणः** यस परियोजना अन्तरगत उत्पादित उपज, वस्तु तथा सेवाको बिक्री वितरण र बजारीकरण सम्बन्धमा आवश्यकतानुसार गाउँपालिकाले सहजिकरण गर्न सक्नेछ।

(८) **मूल्य निर्धारण समितिः** परियोजना सञ्चालन गर्ने समुहको सञ्चालक समितिले यस परियोजना अन्तरगत उत्पादित कृषि\पशुजन्य उपज,वस्तु वा सेवाको मूल्य निर्धारण गर्न सक्नेछ र आवश्यकतानुसार गाउँपालिकाको सहयोग लिन सक्नेछ ।

(९) **प्राविधिक सहयोग:** गाउँपालिका बाहेक अन्य प्रस्तावकहरुद्वारा सञ्चालित परियोजनाका लागि आवश्यक प्राविधिक सहायता गाउँपालिकाले उपलब्ध गराउन सक्नेछ ।

(१०) **अनुगमन सम्बन्धी व्यवस्थाः** यस परियोजनाको अनुगमन आवश्यकतानुसार कृषि तथा पशु सेवा प्राविधिकहरु सहित वडा र गाउँपालिका स्तरीय अनुगमन समिति वा आर्थिक विकास समितिको हुनेछ ।

(११) **प्रतिवेदन पेश गर्नुपर्नेः** परियोजना सञ्चालकले आफ्नो वार्षिक प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-३

## गाउँपालिकाद्वारा सञ्चालित परियोजना सम्बन्धी व्यवस्था

(१२) **गाउँपालिकाले नै परियोजना सञ्चालन गर्न सक्नेः** दफा ३ बमोजिम ३ पटकको सूचना आव्हान पश्चात पनि कुनै प्रस्तावना नपरेमा वा उपयुक्त प्रस्तावना नपरेमा गाउँपालिका आफैंले परियोजना सञ्चालन गर्न सक्नेछ। गाउँपालिकाद्वारा सञ्चालन गरिने परियोजनाका सम्बन्धमा देहय बमोजिम गरिनेछः

(क) लागत अनुमान सहित परियोजना प्रस्ताव निर्माण गरी गाउँ कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(ख) गाउँपालिका भित्रका बाँझो र उपयोगविहीन कृषि जमिन वा यस परियोजना सञ्चालन गर्न उपयुक्त जमिन लिजमा लिन सकिनेछ र लिजमा लिने जमिनको भाडा कार्यपालिकाले स्वीकृत गर्नेछ ।

(ग) यस परियोजना कार्यान्वयन गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सुचिकृत भएका तर रोजगारी प्राप्त गर्न नसकेका व्यक्तिहरुलाई परिचालन गर्न सकिनेछ।

(घ) यस परियोजना सञ्चालनका लागि कार्यपालिकाले जनप्रतिनिधीहरु र कर्मचारीहरु(कृषि प्राविधिक समेत) सहितको विभिन्न समिति बनाई जिम्मेवारी बाँडफाड गर्न सकिनेछ ।

(ङ) उत्पादित उपजलाई कार्यपालिकाको निर्णय अनुसार गाउँपालिका भित्रका अति विपन्न, आर्थिक वा सामाजिक रुपमा पिछडीएका नागरिकहरुलाई निशूल्क वा यसै परियोजनामा काम गर्ने शर्तमा विरतरण गर्न सक्नेछ ।

(च) उत्पादित उपजको बिक्री वितरणबाट भएको आय गाउँपालिकाको सञ्चितकोषमा जम्मा गरिनेछ ।

(छ) यस परियोजनाबाट हुने मुनाफाको निश्चित प्रतिशत रकम यस परियोजनामा खटिने कामदारहरु, जप्रतिनिधिहरु र कर्मचारीहरुलाई कार्यपालिकाको निर्णयानुसार उपलब्ध गराउन सकिनेछ ।

(ज) गाउँ कार्यपालिकाले आवश्यकतानुसार परियोजना सञ्चालन सम्बन्धी अन्य प्रक्रिया र मापदण्ड तोक्न सक्नेछ ।

(झ) परियोजना सञ्चालन सम्बन्धी आवश्यक अन्य व्यवस्था गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

(१३) **मूल्य निर्धारणः** गाउँपालिका द्वारा सञ्चालित परियोजना बाट उत्पादित कृषि\पशुजन्य उपजहरुको मूल्य निर्धारण गाउँ कार्यपालिकाले गर्नेछ ।

## अनुसूची-१
## दफा  सँग सम्बन्धित

एकीकृत व्यावसायिक खेती परियोजना सम्बन्धी प्रस्तावना

प्रस्तावकको नामः मितिः

दर्ता नं दर्ता मितिः

ठेगानाः

१. प्रस्तावकको संक्षिप्त परिचयः
२. परियोजनाको पृष्ठभुमिः
३. परियोजनाको उद्देश्यः
४. सञ्चालक समितिको संख्याः
५. परियोजनामा संलग्न जम्मा सदस्य संख्याः
६. परियोजनाको कुल लागतः
७. परियोजना सञ्चालन हुने क्षेत्रफल र जग्गाको विवरणः
८. परियोजनाबाट लाभान्वित हुने जनसंख्याः
९. परियोजनाले समेट्ने क्षेत्रहरुः (अनुसूची-२ अन्तरगतका क्षेत्रहरु वा समुहले निर्णय गरेका क्षेत्रहरु)
१०. सम्भावित बजार र दूरीः
११. सिंचाइको अवस्थाः
१२. सडक\यातायातको अवस्थाः
१३. परियोजना सञ्चालन हुने अनुमानित अवधिः

१४. परियोजनाको विस्तृत लागत अनुमान सहितको प्रस्तावः

| **क्र.सं** | **शिर्षक\क्रियाकलाप** | **परिणाम** | **अनुमानित लागत** | **समयावधि** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | आवश्यक पूर्वाधार निर्माण तथा व्यवस्थापन | | | | |
| २ | आवश्यक औजार,उपकरण तथा कृषि सामाग्रीहरु खरिद तथा व्यवस्थापन | | | | |
| ३ | सिंचाइ व्यवस्थापन | | | | |
| ४ | पशु,पंक्षि, बीउ, बेर्ना........खरिद | | | | |
| ५ | प्राविधि, प्राविधिक सेवा परामर्श | | | | |
| ६ | ढुवानी | | | | |
| ७ | | | | | |
| | | | | | |
| | | | | | |
| | कुल लागत | | | | |
| | गाउँपालिकाले व्यहोर्ने जम्मा | | | | |
| | प्रस्तावकले व्यहोर्ने जम्मा | | | | |

## अनुसूची -?

दफा  को खण्ड  सँग सम्बन्धित

(१) खाद्यान्न बाली,

(२) वागवानी जन्यः फलफूल, तरकारी, मसलाबाली, पूष्प व्यवसाय

(३) पशु, पन्छी

(४) माछा, मासु, दुध, अण्डा , ऊन

(५) च्याउ,

(६) मौरी

(७) घाँसेवाली

(८) तेलहन, दलहन

(९) कपास, जुट, उखु, टिमुर

(१०) कृषि पर्यटन

(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने  कृषिवस्तुहरु

(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग

(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग

(१४) खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य बस्तहरु ।

(१५) अर्गानिक तरकारी, माछा, लोकल कुखुरा, कालिज, बोयर बाखा, बंगुर, भैंसी, माहुरी, हाँस, होमस्टे समेत सञ्चालन गर्न सकिने ।